३२

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २८ | काठमाडौं, मंसीर १२ गते २०३५ साल [ संख्या ३२

श्री ५ को सरकार

**रक्षा मन्त्रालयको**

**सूचना**

शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) (पहिलो संशोधन) नियमावली, २०३५

शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "शाही नेपाली सेना (निवृत्त-भरण, उपदान र अन्य सुविधा) (पहिलो संशोधन) नियमावली, २०३५" रहेको छ ।

(२) यो नियमावलीको नियम ४, २०३२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अरू नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

७९७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम ३ मा संशोधन: शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उप-नियम (२) मा रहेको "दश प्रतिशत" भन्ने शब्दहरूको सट्टा "तीस प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

३. मूल नियमावलीको नियम ९ मा संशोधन: मूल नियमावलीको नियम ९ को,–

(१) खण्ड (क) मा रहेको "छसय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा बाह्रसय रूपैयाँ भन्ने शब्दहरू राखिएका छन्,

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:–

"(ख) पदिक दर्जाका सैनिक जवानको प्रत्येक सन्ततिलाई वार्षिक आठसय रूपैयाँ,"

(३) खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ:–

"(ग) बिल्लादारदेखि अनुचर (फलोवर्स) सम्मको सैनिक जवानको प्रत्येक सन्ततिलाई वार्षिक चारसय रूपैयाँ।"

४. मूल नियमावलीको नियम १३ मा संशोधन: मूल नियमावलीको नियम १३ को उप-नियम (१) को खण्ड (क) मा रहेको "१४ वर्षसम्म कैदको" भन्ने शब्दहरूको सट्टा "तीनवर्षभन्दा बढी कैदको" भन्ने शब्दहरू राखिएका छन्।

५. मूल नियमावलीको नियम १४ मा संशोधन:– मूल नियमावलीको नियम १४ को सट्टा देहायको नियम १४ राखिएको छ:–

"१४. निवृत्तभरणसम्बन्धी कार्यविधि: (१) उमेरको हद पुगेको वा सेवाअवधि पुगेको कारणबाट निवृत्तभरण पाउने गरी अवकाश प्राप्त गर्ने सैनिक जवानको सम्बन्धमा त्यसरी अवकाश पाउने मितिभन्दा ६ महीना अगावै सम्बन्धित सैनिक अड्डा वा पल्टनले त्यस्तो सैनिक जवानलाई तोकिएको फाराम भर्न लगाई सो फाराम कमाण्डरी किताबखाना जङ्गी फाँटमा पठाउनु पर्नेछ।

(२) निवृत्तभरण पाउने अवधि पुगी सकी राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएको वा श्री ५ को सरकारले नै अवकाश दिएको वा सेवाबाट हटाएको सैनिक जवानले त्यसरी सेवाबाट अलग भएको ६ महीनाभित्र तोकिएको फाराम भरी सम्बन्धित सैनिक अड्डा, पल्टन वा कमाण्डरी किताबखाना जङ्गी फाँटमध्ये कुनै एकमा दाखिल गर्नु पर्नेछ। सैनिक अड्डा वा पल्टनमा दाखिल भएको फाराम सम्बन्धित अड्डा वा पल्टनले कमाण्डरी किताबखानामा पठाउनु पर्नेछ।

५९६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कर्तव्य पालन गर्दा गर्दै मृत्यु हुने सैनिक जवानको हकवाला वा निवृत्तभरण पाउने अवधि पुगी सकी सेवामा बहाल छँदै मृत्यु हुने सैनिक जवानको हकवालाले त्यसरी सैनिक जवानको मृत्यु भएको ६ महीनाभित्र तोकिएको फाराम भरी सम्बन्धित सैनिक अड्डा, पल्टन वा कमाण्डरी कितावखाना जङ्गी फाँटमध्ये कुनै एकमा दाखिल गर्नु पर्नेछ । सैनिक अड्डा वा पल्टनमा दाखिल भएको फाराम सम्बन्धित अड्डा वा पल्टनको कमाण्डरी कितावखानामा पठाउनु पर्नेछ ।

(४) उप-नियम (१), (२) वा (३) बमोजिम फाराम दाखिल भएपछि कमाण्डरी कितावखाना जङ्गी फाँटले आवश्यक कारवाई गरी अनुसूचीबमोजिमको निवृत्तभरणको अधिकारपत्र दुईप्रति बनाई एकप्रति आफ्नो कार्यालयमा राखी अर्को प्रति निवृत्तभरण पाउने व्यक्तिलाई प्रदान गर्नु पर्नेछ ।

(५) उप-नियम (४) बमोजिमको निवृत्तभरणको अधिकारपत्रमा कमाण्डरी कितावखानाको पति र रक्षा कन्ट्रोलरको संयुक्त दस्तखत हुनेछ ।"

६. मूल नियमावलीको अनुसूचीमा संशोधनः— मूल नियमावलीको अनुसूचीको सट्टा यसैसाथ संलग्न अनुसूची राखिएको छ ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची
(नियम १४ संग सम्बन्धित)
**अधिकारपत्र**

फोटो

सिलसिलेबार नं.
-----------

(क) निवृत्तभरण पाउने सैनिक जवानको:–
  (१) अड्डा, पल्टन :–
  (२) नाम, थर :–
  (३) दर्जा :–
  (४) उमेर :–
  (५) व्यक्तिगत नम्बर :–
  (६) विशेष चिन्ह :–
  (७) स्थायी ठेगाना :–
  (८) अवकाशमिति वा मृत्युमिति :–

(ख) निवृत्तभरणको किसिम :–

(ग) निवृत्तभरणको अङ्क :–

(घ) निवृत्तभरण पाउने अवधि :–

(ङ) अशक्तताको प्रतिशत :–

(च) अशक्तवृत्तिको अङ्क :–

(छ) निवृत्तभरण पाउने व्यक्ति। हकवालाको सहिछाप :
  (१) लेखात्मक :–
  (२) रेखात्मक :–

| | |
|---|---|
| | |

दा. बा.

५९८

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) पाएको मान पदवी, अलंकार, पदको नाम . . . . . . . मिति . . . .

(झ) नोकरी . . . वर्ष . . . महीना . . . . . . . दिन . . . .

(ञ) प्रतिमहीना पाउने रू. . . . . .

(ट) शेषपछि इच्छाएको व्यक्ति । हकवालाको :–

(१) नाम, थर :–

(२) स्थायी, ठेगाना :–

(३) इच्छाउने सैनिक जवानसंगको नातासम्बन्ध :–

(ठ) परिचय गराउने सरकारी बहालवाला कर्मचारीको :–

(१) नाम, थर :–

(२) दर्जा :–

अधिकारपत्र प्रदान गर्ने अधिकृतको :–

दस्तखत :–

नाम, थर :–

मिति :–

आज्ञाले–

फणीन्द्रराज हमाल

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

२१९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।